# <u>राष्ट्रिय लैङ्गिक परीक्षण कार्यविधि, २०८२</u>

**१.प्रत्यायोजित विधायन जारी गर्ने मन्त्रालयः** म.बा.तथा ज्ये.ना.मन्त्रालय
**२.निर्णय गर्ने अधिकारीः** मा. म.बा.तथा ज्ये.ना.मन्त्रालय
**३.निर्णय मितिः** २०८२/०८/२६
**४.दर्ता नं. र दर्ता मितिः** ३३/०८२, २०८२/०९/०२

सार्वजनिक निकायका नीति, कार्यक्रम, बजेट, संरचना, निर्णय प्रकृया तथा कार्यवातावरण लैङ्गिक दृष्टिले परीक्षण गरी नेपालको संविधान, महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने संयुक्त राष्ट्र संघीय महासन्धी, बेइजिङ्ग घोषणापत्र जस्ता अन्तराष्ट्रिय प्रतिवद्धता, लैङ्गिक समानता नीति र वार्षिक नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्दै लैङ्गिक उत्तरदायी शासन प्रवर्द्धन गर्न वाञ्छनीय भएकाले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले देहायको कार्यविधि बनाएको छ।

## परिच्छेद- १
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस कार्यविधिको नाम "राष्ट्रिय लैङ्गिक परीक्षण कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मिति देखि लागु हुनेछ।

२. **<u>परिभाषा:</u>** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;-

(क) "कार्यक्रम" भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि सार्वजनिक निकायले कार्यान्वयन गर्ने वार्षिक तथा आवधिक क्रियाकलाप सम्झनु पर्छ।

(ख) "परीक्षक" भन्नाले दफा (९) को उपदफा (३) बमोजिमको लैङ्गिक परीक्षण कार्यमा खटिने कर्मचारी सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनुपर्दछ।

(घ) "योजना" भन्नाले नेपाल सरकारले तयार गरेको आवधिक विकास योजना,वार्षिक विकास योजना, विषयगत गुरुयोजना र रणनीतिक योजना समेत सम्झनु पर्छ।

MOWCSC

(ङ) "लैङ्गिक सम्पर्क व्यक्ति" भन्नाले नेपाल सरकारका मन्त्रालय, मन्त्रालय मातहतका कार्यालय, संवैधानिक निकाय र त्यस्तो निकाय मातहतका कार्यालयमा लैङ्गिक विषय हेर्नेगरी तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।

(च) "लैङ्गिक समता" भन्नाले अवसर र न्यायबाट वन्चित महिला, पुरुष, यौनिक तथा लैङ्गिक अल्पसंख्यकलाई थप अवसर दिएर समतामूलक स्थितिको निर्माण गर्न गरिने विशेष प्रयास सम्झनु पर्छ।

(छ) "लैङ्गिक समानता" भन्नाले महिला, पुरुष, यौनिक तथा लैङ्गिक अल्पसंख्यक बीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्था सम्झनु पर्छ।

(ज) "लैङ्गिक मैत्री" भन्नाले पुरुष, महिला र अन्य लैङ्गिक पहिचान भएका व्यक्तिहरूबीच कुनै भेदभाव नगरी समान अवसर, सुरक्षा र सम्मान पाउने वातावरण, समाज वा व्यवस्था सम्झनु पर्दछ।

(झ) "लैङ्गिक परीक्षण" भन्नाले सार्वजनिक निकायको नीति, कार्यक्रम, बजेट, संगठन संरचना, निर्णय प्रक्रियामा तथा कार्य वातावरणमा लैङ्गिक मैत्री भए नभएको लेखाजोखा तथा विश्लेषण गरी सुधारका उपाय पहिल्याउने कार्य सम्झनु पर्छ।

(ञ) "लैङ्गिक मूलप्रवाहीकरण" भन्नाले महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यकलाई विकासका प्रक्रियामा समाहित गर्ने प्रक्रिया सम्झनु पर्छ।

(ट) "लैङ्गिक उत्तरदायी बजेट" भन्नाले लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित उद्देश्यमूलक र योजनाबद्धरुपमा कार्यक्रम तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धति सम्झनु पर्छ।

(ठ) "सशक्तीकरण" भन्नाले विकासका अवसरहरुवाट वञ्चित, सूचना, श्रोत र साधनमा पहुँच तथा सो को निर्णय र नियन्त्रणमा पछाडि परेका वा कमजोर वर्गलाई सबल बनाउने कार्य सम्झनु पर्छ।

(ड) "सार्वजनिक निकाय" भन्नाले लैङ्गिक परीक्षण गर्ने नेपाल सरकारका मन्त्रालय, संवैधानिक आयोग मन्त्रालय मातहतका विभाग तथा कार्यालय सम्झनु पर्छ।

## परिच्छेद-२

## विषय क्षेत्र, सूचक र परीक्षण प्रक्रिया

३. **वार्षिक कार्यक्रम बनाउनु पर्नेः** सार्वजनिक निकायले देहायका विषय समावेश गरी लैङ्गिक परीक्षण सम्बन्धी वार्षिक कार्यक्रम तयार गरी आफ्नो र मातहत निकायको दुई-दुई बर्षमा लैङ्गिक परीक्षण गर्ने गराउने व्यवस्था मिलाउनु पर्नेछ।

(क) लैङ्गिक परीक्षण गरिने निकायको सङ्ख्या र तिनको भौगोलिक अवस्थिति,

(ख) आवश्यक बजेट,

(ग) लैङ्गिक परीक्षणमा खटिने कर्मचारीको सङ्ख्या,

(घ) लैङ्गिक परीक्षणमा खटिने कर्मचारीको अभिमुखीकरण तथा क्षमता विकास,

(ङ) लैङ्गिक परीक्षण गर्न लाग्ने समय,

(च) कार्यालयको कार्यबोझ,

(छ) आवश्यकताअनुसारका अन्य विषय।

४. **स्वमूल्याङ्कन गर्नु पर्ने:** (१) सार्वजनिक निकायले लैङ्गिक परीक्षण कार्यदल गठन गरी आफ्नो निकायको स्वमूल्याङ्कनमा आधारित लैङ्गिक परीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको लैङ्गिक परीक्षण कार्यदल गठन गर्दा लैङ्गिक सम्पर्क व्यक्ति वा उपलब्ध भएसम्म राजपत्राङ्कित द्वितीय श्रेणीको कर्मचारीको नेतृत्वमा तीनदेखि पाँच जना सदस्य रहनेगरी कार्यदल गठन गर्नुपर्नेछ।

(३) सार्वजनिक निकायले आवश्यकता अनुसार दफा (९) को उपदफा (२) बमोजिमको सूचीमा रहेका परीक्षकलाई लैङ्गिक परीक्षण कार्यमा प्रयोग गर्न सक्नेछन्।

(४) उपदफा (१) बमोजिमको लैङ्गिक परीक्षण प्रतिवेदन सार्वजनिक निकायले आफ्नो वेवसाइटमा प्रकाशन गर्नुका साथै एक प्रति मन्त्रालयलाई समेत उपलब्ध गराउनु पर्नेछ।

(५) मन्त्रालयले सार्वजनिक निकायले गरेको स्वःमूल्याङ्कनको प्राप्ताङ्क र पुष्टाईका आधारहरू विश्लेषण गरी गुणस्तर परीक्षण गर्न सक्नेछ।

५. **लैङ्गिक परीक्षणका विषयक्षेत्र र सूचक:** (१) सार्वजनिक निकायले अनुसूची-१ मा उल्लेख भए बमोजिमका विषयक्षेत्र र सूचकका आधारमा लैङ्गिक परीक्षण गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सार्वजनिक निकायले सेवाप्रवाह विषयक्षेत्रमा आफ्नो कार्य विशिष्टीकरण अनुसारका सूचकहरू थपघट गरी प्राप्ताङ्कलाई एकसय पूर्णाङ्कमा रूपान्तरण गरी सोही बमोजिम लैङ्गिक परीक्षण गर्न सक्नेछन्।

(३) नेपाल सरकारका मन्त्रालय तथा संवैधानिक निकायले मातहतका निकायको लैङ्गिक परीक्षण गर्न/गराउन सक्नेछ।

(४) मन्त्रालयले आफैं वा अन्य मन्त्रालयलाई मातहतका सार्वजनिक निकायको लैङ्गिक परीक्षण गरी प्रतिवेदन पेस गर्न लगाउन सक्नेछ।

६. **लैङ्गिक परीक्षण गरिने अवधिः** (१) लैङ्गिक परीक्षण गर्दा विगत दुई आर्थिक वर्षको साउन महिनादेखि असार महिनासम्ममा भए गरेका कामकारबाहीको परीक्षण गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि मन्त्रालयले आवश्यकता अनुसार जुनसुकै बखत सार्वजनिक निकायको लैङ्गिक परीक्षण गर्न सक्नेछ।

MOWCSC

७. **<u>लैङ्गिक परीक्षणका विधिः</u>** सार्वजनिक निकायको लैङ्गिक परीक्षण गर्दा देहायका विधि अवलम्बन गरी लैङ्गिक परीक्षण गर्नु पर्नेछ,-

(क) स्थलगत अवलोकन तथा दस्तावेजहरूको समीक्षा,
(ख) लक्षित समूह छलफल,
(ग) अन्तर्वार्ता,
(घ) प्रश्नावली,
(ङ) सन्दर्भ सामग्री अध्ययन,
(च) आवश्यकता अनुसारका अन्य विधि।

८. **<u>लैङ्गिक परीक्षणका प्रक्रियाः</u>** (१) सार्वजनिक निकायबाट दफा (४) बमोजिमको स्वमूल्याङ्कनमा आधारित लैङ्गिक परीक्षण कार्यलाई मुख्यतः देहायका तीन चरणमा विभाजन गरी चालु आर्थिक वर्षको दोस्रो चौमासिकभित्र सम्पन्न गर्नुपर्नेछ।

**(क) तयारी चरणः**

(१) लैङ्गिक परीक्षक तोक्ने, परीक्षकको नेतृत्वमा कम्तिमा तीन र बढीमा पाँच जना सदस्य रहेको लैङ्गिक परीक्षण कार्यदल गठन गर्ने।
(२) सम्बन्धित सार्वजनिक निकायका जनप्रतिनिधि वा वोर्ड वा सञ्चालक समिति वा अन्य पदाधिकारी र विभाग/महाशाखा/शाखा वा एकाई प्रमुख र अन्य कर्मचारीलाई लैङ्गिक परीक्षणको उद्देश्य, महत्व र प्रकृयाका सम्बन्धमा जानकारी दिन परीक्षण पूर्वको अभिमूखीकरण सञ्चालन गर्ने,
(३) लैङ्गिक परीक्षण कायर्शाला गोष्ठीको पूर्व तयारी तथा चाहिने सामग्रीको व्यवस्था गर्ने,
(४) लैङ्गिक परीक्षणको लागि सम्बन्धित सार्वजनिक निकायबाट सहभागी हुने कर्मचारीको सूची तयार गर्ने, कार्यशाला गोष्ठी सञ्चालनको लागि मिति, स्थान र समयावधि तोक्ने।

**(ख) परीक्षण चरणः**

(१) लैङ्गिक परीक्षण गरिने निकायका कर्मचारी र परीक्षण कार्यदलका सदस्यको सहभागिता अनुसूची-१ बमोजिमका सूचकको आधारमा लेखाजोखा गर्ने।
(२) लैङ्गिक परीक्षण कार्य आन्तरिक स्वःलेखाजोखा कार्यक्रम भएकाले लैङ्गिक सम्पर्क व्यक्ति वा सहजीकरण गर्ने सीप भएका अन्य कर्मचारी वा आवश्यकता अनुसार बाह्य स्रोत व्यक्तिबाट सहजीकरण गर्न सकिनेछ।

MOWCSC

(३) लेखाजोखा गर्दा सूचकको बुँदामा प्रमाणीकरणका आधारहरू सबै प्राप्त भएको खण्डमा उत्तममा राखी दुई अङ्क, राम्रो अवस्थामा देखिएमा एक अङ्क र सुधार गर्नुपर्ने देखिएमा वा नभएमा शुन्य अङ्क प्रदान गर्ने।

(४) प्रत्येक सूचकमा पाएको अंकको आधारमा लैङ्गिक विद्यमान अवस्था अनुसुची-२ अनुसारको माकुरेजालोमा चित्रण गर्ने।

(५) अनुसुची-१ बमोजिमको प्राप्ताङ्कको आधारमा लैङ्गिक दृष्टिले सबलपक्ष, सुधार गर्नुपर्ने पक्षहरू, अवसर र चुनौती पहिचान अनुसूची-३(क) र मुख्य उपलब्धिहरुलाई अनुसुची-३(ख) बमोजिमको ढाँचामा तयार गर्ने। परीक्षण सूचकमा पूर्णाङ्क प्राप्त गरेकामा सवल पक्ष र सो भन्दा कम अङ्क प्राप्त गर्ने सूचकलाई सुधार गर्नुपर्ने पक्षमा राख्नु पर्नेछ।

(६) परीक्षणको क्रममा पहिचान गरिएका सुधार गर्नुपर्ने क्षेत्र तथा सूचकलाई अनुसुची-४ बमोजिमको ढाँचामा लैङ्गिक समानता कार्ययोजना तयार गर्ने।

**(ग) प्रतिवेदन चरण**

(१) लैङ्गिक परीक्षण कार्यदलले सूचकको लेखाजोखाको आधारमा अनुसुची-५बमोजिमको ढाँचामा विस्तृत् प्रतिवेदन तयार गर्ने।

(२) प्रतिवेदन पेश गर्नुपूर्व लैङ्गिक परीक्षणका सिलसिलामा औंल्याइएका विषयका सम्बन्धमा सम्बन्धित निकायको प्रमुखसँग छलफल गर्ने।

(३) सम्बन्धित सार्वजनिक निकायका जनप्रतिनिधि वा वोर्ड वा सञ्चालक समिति वा अन्य पदाधिकारी र विभाग/महाशाखा/शाखा वा एकाई प्रमुख र अन्य कर्मचारी सहितको समापन बैठक राखी परीक्षणबाट प्राप्त बस्तुस्थिती जानकारी गराई लैङ्गिक परीक्षण प्रतिवेदन हस्तान्तरण गर्ने।

(४) सार्वजनिक निकायबाट प्रतिवेदनको कार्यान्वयन गर्ने।

(२) उपदफा (१) बमोजिमका प्रकृया अपनाई लैङ्गिक परीक्षण गर्दा तयारीदेखि प्रतिवेदन सम्मको सम्पूर्ण कार्य परीक्षण प्रारम्भ भएको मितिले बढिमा एक महिनाभित्र सम्पन्न गरिसक्नु पर्नेछ।

## परिच्छेद - ३

## परीक्षक उत्पादन तथा परिचालन

९. **परीक्षक उत्पादन तथा परिचालन गर्न सक्नेः** (१) मन्त्रालयले लैङ्गिक परीक्षण कार्यका लागि आवश्यक जनशक्ति तयार गर्न परीक्षक उत्पादन तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्नेछ।



MOWCSC

(२) मन्त्रालयले उपदफा (१) बमोजिम उत्पादन तथा क्षमता विकास गरिएका परीक्षकको अद्यावधिक सूची (रोष्टर) तयार गर्नुपर्नेछ।

(३) मन्त्रालयले उपदफा (२) बमोजिमको सूचीमा रहेका परीक्षकलाई निज कार्यरत रहेको निकायसँग समन्वय गरी आवश्यकता अनुसार परीक्षकको रूपमा खटाउन सक्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले यसअघि लैङ्गिक परीक्षण कार्यमा खटिएका मन्त्रालय, मातहतको कार्यालय वा अन्य निकायमा कार्यरत कर्मचारीलाई लैङ्गिक परीक्षण अभिमुखीकरण दिई उपदफा (२) बमोजिमको अद्यावधिक सूचीमा समावेश गरी परीक्षकको रूपमा खटाउन सक्नेछ।

(५) लैङ्गिक परीक्षण गर्ने सार्वजनिक निकायले उपदफा (३) बमोजिम खटिने परीक्षकलाई नियमानुसारको दैनिक भ्रमण खर्च र बैठक भत्ता उपलब्ध गराउनु पर्नेछ।

१०. **<u>सहयोग तथा समन्वय गर्नु पर्ने:</u>** (१) लैङ्गिक परीक्षण गरिने निकायले लैङ्गिक परीक्षण कार्यको परीक्षक तथा परीक्षण कार्यदललाई आवश्यक सहयोग गर्नुपर्नेछ।

(२) सङ्घीय मन्त्रालयले आफू मातहतका निकायमा लैङ्गिक परीक्षण गर्दा परीक्षण टोलीमा आवश्कयता अनुसार मन्त्रालयको प्रतिनिधि समावेश गर्न सक्नेछन्।

११. **<u>परीक्षकको जिम्मेवारी, दायित्व तथा कर्तव्य:</u>** परीक्षकको जिम्मेवारी तथा दायित्व देहायबमोजिम हुनेछः-

(क) परीक्षकले लैङ्गिक परीक्षण सुरु गर्नुपूर्व सम्बन्धित निकायको प्रमुखलाई परीक्षण विधि, प्रक्रिया लगायतका विषयमा जानकारी गराउने।

(ख) परीक्षकले प्रचलित कानुन तथा यस कार्यविधिबमोजिम लैङ्गिक परीक्षणको कार्य सम्पन्न गर्ने।

(ग) परीक्षकले लैङ्गिक परीक्षण गर्नुअघि परीक्षण गर्न लागिएको कार्यालयको प्रकृति र कार्यक्षेत्रका सम्बन्धमा अध्ययन गरी जानकारी लिने।

(घ) लैङ्गिक परीक्षणको क्रममा वस्तुगत तथ्य तथा उपलब्ध तथ्याङ्कको लेखाजोखा, अध्ययन र विश्लेषण गरी प्रतिवेदन तयार गर्नुपर्नेछ।

(ङ) लैङ्गिक परीक्षणको सिलसिलामा प्राप्त हुन आएका गोप्य सूचना वा जानकारी कानुनबमोजिम बाहेक सार्वजनिक नगर्ने।

(च) लैङ्गिक परीक्षणको सिलसिलामा सम्बन्धित कार्यालयका कर्मचारीलाई अनावश्यक दबाब दिने वा प्रभाव पार्ने वा सोको प्रयास नगर्ने।

(छ) लैङ्गिक परीक्षण गर्दा कुनै किसिमको दबाब, प्रभाव वा मोलाहिजामा नपरी स्वतन्त्र एवम् निष्पक्ष ढङ्गले कार्य गर्नु सम्बन्धित परीक्षकको कर्तव्य हुनेछ।

MOWCSC

## परिच्छेद - ४
## प्रतिवेदन, कार्यान्वयन तथा अनुगमन

१२. **प्रतिवेदन सार्वजनिक गर्नुपर्नेः** (१) सार्वजनिक निकायले लैङ्गिक परीक्षण प्रतिवेदन आफ्नो वेबसाइट तथा अन्य उपयुक्त माध्यम मार्फत सार्वजनिक गर्नुपर्नेछ।

(२) मन्त्रालयले सार्वजनिक निकायले गरेको लैङ्गिक परीक्षण प्रतिवेदन र सोको गुणस्तर परीक्षणको एकीकृत वार्षिक लैङ्गिक परीक्षण प्रतिवेदन तयार गरी प्रत्येक वर्षको बैशाख मसान्तभित्र वेबसाइट र अन्य माध्यमबाट सार्वजनिकरण गर्नेछ।

१३. **लैङ्गिक परीक्षण निर्देशक समितिः** (१) लैङ्गिक परीक्षणसम्बन्धी कार्यलाई व्यवस्थित गर्न, प्रतिवेदनमा उल्लेख भएका सुझाव तथा सुधार कार्यान्वयनका लागि आवश्यक निर्देशन तथा सिफारिस गर्न मन्त्रालयमा देहायबमोजिमको लैङ्गिक परीक्षण निर्देशक समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सचिव, म.बा.तथा ज्येष्ठ ना. मन्त्रालय | संयोजक |
| (ख) | सहसचिव, सङ्घीय मन्त्रालय र संबैधानिक आयोग | सदस्य |
| (ग) | सहसचिव, महिला सशक्तीकरण महाशाखा | सदस्य |
| (घ) | उपसचिव, महिला विकास तथा लैङ्गिक मूलप्रवाहीकरण शाखा | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यकताअनुसार परीक्षक तथा सम्बन्धित क्षेत्रका विज्ञ वा अन्य कर्मचारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक वर्षको कम्तीमा एक पटक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिको कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ।

१४. **निर्देशन तथा कार्यान्वयनः** (१) लैङ्गिक परीक्षण प्रतिवेदनमा औंल्याइएका विषय कार्यान्वयन गर्नु सम्बन्धित सार्वजनिक निकायको कर्तव्य हुनेछ।

(२) मन्त्रालयले लैङ्गिक परीक्षण प्रतिवेदनमा उल्लिखित कैफियत वा सुझावका क्षेत्रमा सुधारका लागि थप निर्देशन सहित परीक्षण गरिएको निकायमा पठाउन सक्नेछ।

(३) प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन नगर्ने तथा मन्त्रालयले दिएका निर्देशन र सुझाव पालना नगर्ने सार्वजनिक निकायका प्रमुखलाई मन्त्रालयले अवधि तोकी सुधारका लागि पुनः लेखी पठाउन सक्नेछ।

सुधार भएका विषयको जानकारी सम्बन्धित निकायले मन्त्रालय र तालुक केन्द्रीय निकायमा समेत नियमित रूपमा पठाउनुपर्नेछ।

MOWCSC

१५. **<u>अनुगमनः</u>** मन्त्रालय तथा सङ्घीय निकायले लैङ्गिक परीक्षण प्रतिवेदनमा सिफारिस भएका विषय कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन गर्नु गराउनुपर्नेछ।

१६. **<u>पुरस्कृत गर्नसक्नेः</u>** लैङ्गिक परीक्षण गरिएका कार्यालयमध्ये उत्कृष्ट कार्यालय तथा लैङ्गिक सम्पर्क व्यक्तिलाई मन्त्रालयले पुरस्कृत गर्न सक्नेछ।

## परिच्छेद - ५
## विविध

१७. **<u>कार्यविधि प्रयोग गर्न सक्नेः</u>** प्रदेश सरकार, स्थानीय तह, सार्वजनिक संस्थान तथा कानून बमोजिम दर्ता भएका संघसंस्थाले यस कार्यविधि बमोजिम लैङ्गिक परीक्षण गर्न वा यस कार्यविधिको आधारमा आफ्नो लैङ्गिक परीक्षण सूचक बनाई लैङ्गिक परीक्षण गर्न सक्नेछन्।

१८. **<u>सूचना प्रविधिको प्रयोग गर्नसक्नेः</u>** यस कार्यविधि कार्यान्वयन गर्ने प्रयोजनका लागि मन्त्रालयले सूचना प्रविधिमा आधारित प्रणाली विकास गरी लागु गर्न सक्नेछ।

१९. **<u>प्रचलित कानुनबमोजिम हुनेः</u>** यस कार्यविधिमा उल्लेखित विषय यसै बमोजिम र अन्य विषयमा प्रचलित कानुनबमोजिम हुनेछ।

२०. **<u>खारेजी र बचाउः</u>** (१) लैङ्गिक परीक्षण कार्यविधि, २०८० खारेज गरिएको छ।

(२) लैङ्गिक परीक्षण कार्यविधि, २०८० बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

MOWCSC

## अनुसूची-१

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

### लैङ्गिक परीक्षणका सूचकहरु

**नोट : ० = सुधार गर्नु पर्ने, १ = राम्रो, २ =उत्तम**

| मुख्य विषय | सूचक | २ अंक आउने अवस्था | १ अंक आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणीकरणको आधार | प्रासाङ्क |
|---|---|---|---|---|---|---|
| **१ नीति, कानून योजना** | १.१ नीति, कानून, कार्यविधि, मापदण्डको तयार गर्दा राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ का उद्देश्य प्राप्तहुने गरी रणनीति-१र सोको नीति तथा कार्यनीति बमोजिम तर्जुमा गरेको /नगरेको । | नीति तथा कानूनको मस्यौदा तयार गर्दा राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ का उद्देश्य, रणनीतिको पूर्ण पालना गरी निर्माण गर्ने गरेको । | मस्यौदा वा तर्जुमा भएका नीति, कानून, कार्यविधि, मापदण्डमा राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ रणनीति २ का कम्तीमा ५ वटा (४० प्रतिशत) विषय संबोधन गरी आंशिक पालना गरी निर्माण गरेको। | राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ को रणनीति-१ बमोजिमका नीति तथा कार्यनीतिका विषय समावेश नभएको । | १. स्वीकृत नीति तथा कानूनी दस्तावेजहरु<br>२. स्वीकृतिको लागि प्रस्तुत गरेका मस्यौदा<br>३. कार्यनीतिका संवोधन भएका विषयक्षेत्र | |
| | १.२ नीति, कानून, कार्यविधि, मापदण्डमा र मस्यौदाको बिषयवस्तुमा शब्द चयन र प्रावधान लैङ्गिक संवेदनशील, समावेशी र सहभागितामूलक भए/नभएको । | मस्यौदा कार्यदलको कार्यक्षेत्रगत शर्तमा लैङ्गिक संवेदनशील शब्दचयन तथा प्रावधान राखु पर्ने उल्लेख गरिएको, सबै नीति तथा कानूनी दस्तावेज र मस्यौदामा बिषयवस्तु, शब्द चयन र प्रावधान लैङ्गिक संवेदनशील, समावेशी र सहभागितामूलक भएका। | नीति, कानून, कार्यविधि, मापदण्ड मस्यौदा कार्यदलको कार्यक्षेत्रगत शर्तमा लैङ्गिक संवेदनशील शब्दचयन तथा प्रावधान राखु पर्ने उल्लेख गरिएको तर कार्यान्वयन नभएको। वा आंशिक (कम्तिमा एक) नीति तथा कानूनी दस्तावेज र मस्यौदाको बिषयवस्तु, शब्द चयन र प्रावधान लैङ्गिक संवेदनशील, समावेशी र सहभागितामूलक भएका। | नीति, कानून, कार्यविधि, मापदण्ड मस्यौदा गर्दा लैङ्गिक संवेदनशील शब्दचयन तथा प्रावधान सम्बन्धमा अलग विश्लेषण नगरिएको/ ख्याल नगरिएको/नभएको । | १. मस्यौदा कार्यदलको कार्यक्षेत्रगत शर्त<br>२. स्वीकृत नीति तथा कानूनी दस्तावेजहरु<br>३. स्वीकृतिको लागि प्रस्तुत् गरेका मस्यौदा | |

| मुख्य विषय | सूचक | २ अंक आउने अवस्था | १ अंक आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणीकरणको आधार | प्रासाङ्क |
|---|---|---|---|---|---|---|
| | १.३ नीति, कानून, कार्यविधि, मापदण्ड तर्जुमा गर्दा महिला तथा सामाजिक समावेशी वर्ग वा समुदायका कर्मचारी, प्रतिनिधि तथा सरोकारवालाको प्रतिनिधित्व गर्ने गरेको/नगरेको । | नीति, कानून, कार्यविधि, मापदण्डमा तर्जुमा गर्दा महिला तथा सामाजिक समावेशी वर्ग वा समुदायका सरोकारवालासँग राय सुझाव लिने गरेको तर लैङ्गिक समानता र समावेशीताको दृष्टिले छलफल गरेको।<br>कार्यदल गठन गर्दा ३३% भन्दा बढी सदस्य लैङ्गिक तथा समावेशी प्रतिनिधित्व गराईएको। उनीहरूको सक्रिय सहभागिता गराईएको। | नीति, कानून, कार्यविधि, मापदण्ड तर्जुमा गर्दा सरोकारवालासँग राय सुझाव लिने गरेको तर लैङ्गिक समानता र समावेशीताको दृष्टिले छलफल नगरेको,<br>कार्यदल गठन गर्दा कम्तीमा ३३% भन्दा कम सदस्य लैङ्गिक तथा समावेशी प्रतिनिधित्व गराईएको । | नीति, कानून, कार्यविधि, मापदण्डमा तर्जुमा गर्दा विशेषतः महिला तथा सामाजिक समावेशी वर्ग वा समुदायका सरोकारवालासँग सुझाव लिने नगरेको<br>कार्यदल गठन गर्दा महिला तथा सामावेशी वर्ग वा समुदायबाट प्रतिनिधित्व नगराईएको। | १. सरोकारवालहरुसँग छलफल वा बैठकको निर्णयको प्रति<br>२. स्वीकृत गरेका वा स्वीकृतिको लागि पेश गरेका नीति, कानून, कार्यविधि, मापदण्ड मस्यौदा<br>३. छलफलका विषयबस्त<br>४. कार्यदलको संरचना<br>५. कार्यदल सदस्यको राय सुझाब | |
| | १.४ मन्त्रालय/कार्यालयले जारी गरेका कानुन, कार्यविधि, मापदण्डमा लैङ्गिक समानता सम्बन्धी विषयमा कर्मचारी, प्रतिनिधि र सरोकारवालाहरुसँग अभिमुखीकरण गर्ने गरेको/नगरेको । | सो विषयमा कर्मचारी, प्रतिनिधि, सरोकारवालासँग अभिमुखीकरण गर्ने गरेको। | सो सम्बन्धमा कर्मचारी वा जनप्रतिनिधि वा सरोकारवाला कुनै एक बर्गलाई आंशिक रुपमा अभिमुखीकरण गरेको। | सो सम्बन्धमा अभिमुखीकरण नभएको नगरेको। | १. बाषिक बजेट तथा कार्यक्रम<br>२. अभिमुखीकरण कार्यक्रमको उपस्थिती<br>३. प्रतिवेदन | |
| | १.५ मन्त्रालय/कार्यालयले जारी गरेका कानुन, कार्यविधि, मापदण्ड सबैको पहुँचयुक्तता (अपाङ्गता समेत)हुने गरी वेवसाईट तथा सञ्चारका माध्यमबाट सार्वजनीकरण गरेको/नगरेको । | मन्त्रालय/कार्यालयले जारी गरेका कानुनहरु सबैको पहुँच योग्य हुने गरी वेवसाईट र रेडियो, TV, पत्रपत्रिका लगायतका सञ्चार माध्यमहरुमा प्रसारण प्रकाशन गर्ने गरेको। | मन्त्रालय/कार्यालयले जारी गरेका कानुनहरु सबैको पहुँच योग्य हुने गरी वेवसाईड मात्रै राखे गरेको। | मन्त्रालय/कार्यालयले जारी गरेका कानुन, कार्यविधि, मापदण्ड सार्वजनीकरण गर्ने नगरेको। | १. प्रकाशन प्रशारण गरेको प्रमाण<br>२. वेवसाईटको स्क्रिनसट वा लिङ्क<br>३. अन्य प्रकाशन | |

| मुख्य विषय | सूचक | २ अंक आउने अवस्था | १ अंक आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणीकरणको आधार | प्रासाङ्क |
|---|---|---|---|---|---|---|
| | १.६ मन्त्रालय/कार्यालयले कार्यान्वयनमा ल्याएका ऐन, नियम तथा कार्यविधिमा महिला तथा बञ्चितिमा परेका समुदाय अर्थात् लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु रोक्ने प्रावधानको व्यवस्था गरिएको छ/छैन । | मन्त्रालय/कार्यालयले कार्यान्वयनमा ल्याएका ऐन, नियम तथा कार्यविधिमा महिला तथा बञ्चितिमा परेका समुदाय अर्थात लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु रोक्ने प्रावधानको व्यवस्था गरि कार्यान्वयन भएको । | मन्त्रालय/कार्यालयले कार्यान्वयनमा ल्याएका ऐन, नियम तथा कार्यविधिमा महिला तथा बञ्चितिमा परेका समुदाय अर्थात लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु रोक्न प्रावधान भएको तर कार्यान्वयन नभएको। | मन्त्रालय/कार्यालयले कार्यान्वयनमा ल्याएका ऐन, नियम तथा कार्यविधिमा महिला तथा बञ्चितिमा परेका समुदाय अर्थात लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु रोक्न प्रावधानको व्यवस्था नगरिएको। | १. स्वीकृत गरेका ऐन, नियम तथा कार्यविधि तथा कानूनी दस्तावेजहरु | |
| | १.७ वार्षिक बजेट तथा कार्यक्रममा लैंङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति र कार्यक्रम समावेश गरिएको छ/छैन । | वार्षिक बजेट तथा कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र मापनयोग्य उपलब्धी लक्ष्य समावेश भएको बजेट बिनियोजन भई कार्यान्वयमा आएको। | वार्षिक बजेट तथा कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासको लागि आँशिक रुपमामात्र नीति, रणनीति, कार्यक्रम र मापनयोग्य उपलब्धी लक्ष्य समावेशभएको बजेट बिनियोजन भएको तर कार्यान्वयनमा नआएको। | वार्षिक बजेट तथा कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र मापनयोग्य उपलब्धी लक्ष्य समावेश नगरिएको। | १. वार्षिक बजेट तथा कार्यक्रम<br>२. लक्ष्य अनुरुपको कार्य प्रगति प्रतिवेदन | |
| | १.८ कार्यक्रम तथा योजनाको प्रतिफल लेखाजोखा गर्दा लैङ्गिक खण्डीकृत तथ्याङ्क राख्ने गरिएको छ/छैन । | कार्यक्रम तथा योजनाको प्रतिफल लेखाजोखा गर्दा महिला र पुरूष छुट्टिने लैङ्गिक खण्डिकृत तथ्याङ्क लिने र विश्लेषण गर्ने गरिएको। | कार्यक्रम तथा योजनाको प्रतिफल लेखाजोखा गर्दा महिला र पुरूष छुट्टिने लैङ्गिक तथ्याङ्क लिने गरिएको तर विश्लेषण गर्ने नगरिएको। | कार्यक्रम तथा योजनाको प्रतिफल लेखाजोखा गर्दा लैङ्गिकज खण्डिकृत तथ्याङ्क प्रयोग गर्ने नगरिएको। | ३. कार्यक्रमको लैङ्गिक विश्लेषण देखिने उपस्थिति<br>४. प्रतिफल समीक्षामा लाभग्राहीको लैङ्गिक तथ्याङ्क | |

| मुख्य विषय | सूचक | २ अंक आउने अवस्था | १ अंक आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणीकरणको आधार | प्रासाङ्क |
|---|---|---|---|---|---|---|
| | १.९ योजना तर्जुमामा महिला तथा बञ्चितिकरणमा परेको समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरू राखे र बार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गर्ने गरिएको छ/छैन । | योजना तर्जुमा गर्दा महिला तथा बञ्चितिकरणमा परेको समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरू राखे र बार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गरिएको। | योजना तर्जुमा गर्दा महिला तथा बञ्चितिकरणमा परेको समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरू राखे र बार्षिक बजेटमा समावेश गरेको तर कार्यान्वयन हुन नसकेको। | योजना तर्जुमा गर्दा महिला तथा बञ्चितिकरणमा परेको समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरू नराखिएको बार्षिक बजेटमा नपरेको। | १. वार्षिक योजना तर्जुमा तथा बजेट<br>२. कार्यक्रम<br>३. कार्यक्रमको अपेक्षित प्रतिफल विश्लेषण | |
| | १.१० महिला,बालबालिका ज्येष्ठ नागरिक,अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक तथा सीमान्तकृत वर्ग वा समूदायलाई सेवा प्रवाहमा सकारात्मक विभेद गर्ने नीति लिएको छ/छैन। | सेवा प्रवाहमा सकारात्मक विभेद गर्ने नीति लिई सेवा प्रवाह मापदण्ड तर्जुमा गरिएको छ, सेवास्थलमा सोको जानकारी तथा अलग प्रबन्ध गरिएको छ। | सेवा प्रवाहमा सकारात्मक विभेद गर्ने नीति लिई सेवा प्रवाह मापदण्ड तर्जुमा गरिएको छ तर कार्यान्वयन गरेको छैन। | सेवा प्रवाहमा सकारात्मक विभेद गर्ने नीति लिएको छैन, मापदण्ड बनाएको छैन। | १. सेवा प्रवाह सम्बन्धी सूचना, कानूनी व्यवस्थाहरु<br>२. सेवा प्रवाह मापदण्ड<br>३. सेवास्थलमा सकारात्मक विभेद प्रवन्ध दिने/ संकेत | |
| | १.११ दिगो विकास लक्ष्य नं. ५ लैङ्गिक समानता कायम गर्न महिला, बालबालिका तथा बञ्चितीकरणमा परेका वर्ग वा समुदाय लक्षित कार्यक्रम तथा बजेट बिनियोजन गरेको/नगरेको । | महिला, बालबालिका तथा बञ्चितीकरणमा परेका वर्ग वा समुदाय लक्षित विशेष कार्यक्रम तथा बजेट बिनियोजन भई कार्यान्वयन भएको। | महिला, बालबालिका तथा बञ्चितीकरणमा परेका वर्ग वा समुदाय लक्षित विशेष कार्यक्रम तथा बजेट बिनियोजन भएको तर कार्यान्वयन नभएको। | महिला, बालबालिका तथा बञ्चितीकरणमा परेका वर्ग वा समुदाय लक्षित विशेष कार्यक्रम नरहेको। | १. बार्षिक कार्यक्रम तथा बजेट<br>२.कार्यान्वयन प्रतिवेदन | |
| | १.१२ समावेशी तथा सहभागितामूलक विकासको लागि योजना तर्जुमा तथा समीक्षा गर्दा लैङ्गिक तथा सामाजिक समावेशी सरोकारवालाहरु बीच छलफल तथा | लैङ्गिक तथा सामाजिक समावेशी सरोकारवालाको सहभागितामा बर्षमा दुई पटक योजना तर्जुमा र समीक्षा गर्दा छलफल तथा परामर्श हुने गरेको। | योजना तर्जुमा तथा समीक्षा गर्दा लैङ्गिक तथा सामाजिक समावेशी सरोकारवालाहरु बीच बर्षमा एक पटक छलफल तथा परामर्श हुने गरेको। | योजना तर्जुमा तथा समीक्षा गर्दा लैङ्गिक तथा सामाजिक समावेशी सरोकारवालाहरु बीच छलफल तथा परामर्श हुने नगरेको। | १. बैठकको उपस्थिति<br>२. निर्णय पुस्तिका<br>३. सहभागीको लैङ्गिक तथा समावेशी उपस्थिती विश्लेषण | |

| मुख्य विषय | सूचक | २ अंक आउने अवस्था | १ अंक आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणीकरणको आधार | प्रासाङ्क |
|---|---|---|---|---|---|---|
| | परामर्श हुने गरे/नगरेको। | | | | | |
| | १.१३ लैङ्गिक परीक्षण गर्ने गरे/नगरेको (Gender Audit, GESI/GEDSI) । | लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण गर्न बजेटको व्यवस्था गरी परीक्षण गर्ने गरिएको । | लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण गर्न बजेटको व्यवस्था रहको तर परीक्षण नगरिएको। | लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण गर्न बजेटको व्यवस्था नरहेको र परीक्षण गर्ने नगरिएको। | १. बजेट तथा कार्यक्रम<br>२. लैङ्गिक परीक्षण प्रतिवेदन (Gender Audit, GESI/GEDSI) | |
| | १.१४ लैङ्गिक परीक्षणबाट दिईएका सुझाबहरू कार्यान्वयनका लागि बजेट तथा कार्यक्रम वार्षिक योजनामा समावेश भएको/ नभएको । | सुधार सुझाबहरू कार्यान्वयनका लागि बजेट तथा कार्यक्रम वार्षिक योजनामा समावेश भइ कार्यान्वयनमा आएको। | सुधार सुझाबहरू कार्यान्वयनका लागि बजेट तथा कार्यक्रम वार्षिक योजनामा समावेश भएको तर कार्यान्वयनमा नआएको। | लैङ्गिक परीक्षण नै नगरेको वा वार्षिक कार्यक्रममा लैङ्गिक परीक्षण प्रतिवेदन बमोजिम सुधार सुझाब कार्यान्वयन गर्ने कार्यक्रम र बजेट समावेश नभएको । | १. लैङ्गिक परीक्षण प्रतिवेदन<br>२. बजेट तथा कार्यक्रम<br>३. कार्यान्वयन प्रतिवेदन वा प्रमाण | |
| | १.१५ सार्वजनिक निकायले सञ्चालन गर्ने बार्षिक कार्यक्रममा महिला कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यक विशेष कार्यक्रम राख्न तालिम आवश्यकता पहिचान (Training Need Assesment) गर्ने गरे /नगरेको । | बार्षिक कार्यक्रम तथा तालिम तर्जुमा गर्दा तालिम आवश्यकता पहिचान गरिएको र माग बमोजिम महिला लक्षित विशेष क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको। | बार्षिक कार्यक्रम तथा तालिम तर्जुमा गर्दा तालिम आवश्यकता पहिचान गरिएको तर माग बमोजिम महिला लक्षित विशेष क्षमता विकास कार्यक्रम सञ्चालन नगरिएको। | बार्षिक कार्यक्रम तथा तालिम तर्जुमा गर्दा तालिम आवश्यकता पहिचान गर्ने नगरिएको। | १. बार्षिक कार्यक्रम<br>२. TNA फर्म विश्लेषण<br>३. सञ्चालित तालिम कार्यक्रम र लाभग्राही | |
| **२. संस्थागत व्यवस्था** | २.१ मन्त्रालयको संगठन संरचनामा लैङ्गिक विषय हेर्ने महाशाखा, शाखा वा इकाई रहेको /नरहेको। | मन्त्रालयको संगठन संरचनामा लैङ्गिक विषय हेर्ने महाशाखा, शाखा वा इकाई रहेको । | मन्त्रालयको संगठन संरचनामा लैङ्गिक विषय हेर्ने महाशाखा, शाखा वा इकाई नरहेको तर कुनै शाखालाई जिम्मेवारी तोकिएको । | मन्त्रालयको संगठन संरचनामा लैङ्गिक विषय हेर्ने महाशाखा, शाखा वा इकाई नरहेको । | १. शाखाको ToR<br>२. जिम्मेवारी तोकिएको पत्र | |
| | २.२ श्रेणी विहिन र प्राविधिक कर्मचारीको करारमा पदपूर्ति गर्दा | श्रेणी विहिन र प्राविधिक कर्मचारीको करारमा पदपूर्ति | श्रेणी विहिन र प्राविधिक कर्मचारीको करारमा पदपूर्ति गर्दा सबै जातजाति, | श्रेणी विहिन र प्राविधिक कर्मचारीको करारमा पदपूर्ति | १. रणनीतिको दस्तावेज<br>२.भर्ना कर्मचारीको विवरण | |

| मुख्य विषय | सूचक | २ अंक आउने अवस्था | १ अंक आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणीकरणको आधार | प्रासाङ्ग |
|---|---|---|---|---|---|---|
| | सबै जातजाति, वर्ग, लिङ्ग र समुदायको प्रतिनिधित्व गराए/ नगराएको। | गर्दा सबै जातजाति, वर्ग, लिङ्ग र समुदायको समानुपातिक प्रतिनिधित्व हुनसक्ने रणनीति बनाई कार्यान्वयनमा आएको । | वर्ग, लिङ्ग र समुदायको समानुपातिक प्रतिनिधित्व हुनसक्ने रणनीति बनेको तर कार्यान्वयनमा नआएको। | गर्दा सबै जातजाति, वर्ग, लिङ्ग र समुदायको समानुपातिक प्रतिनिधित्व हुनसक्ने रणनीति नबनेको। | ३. विज्ञापनमा स्पष्टरुपमा उल्लेख भएको। | |
| | २.३ कुनै अवसर (तालिम, अध्ययन, भ्रमण, जिम्मेवारी) प्रदान गर्दा महिला कर्मचारी/पदाधिकारीलाई प्राथमिकता दिने गरी सकारात्मक विभेदको नीति लिएको/नलिएको। | कुनै अवसर प्रदान गर्दा ३३ प्रतिशत भन्दा बढी महिला कर्मचारी/पदाधिकारीलाई सहभागी गराईएको । | कुनै अवसर प्रदान गर्दा ३३ प्रतिशत महिला कर्मचारी/पदाधिकारीलाई सहभागी गराईएको । | कुनै अवसर प्रदान गर्दा १० प्रतिशत महिला कर्मचारी/पदाधिकारीलाई भन्दा कम सहभागी गराईएको । | १. प्रतिनिधित्व गराउने सम्बन्धी नीति वा निर्णय<br>२. प्रतिनिधित्व भएको कर्मचारी वा पदाधिकारीको विवरण विश्लेषण | |
| | २.४ लैङ्गिक सम्पर्क व्यक्ति तोकिएको छ/छैन । | लैङ्गिक विषय हेर्ने शाखा र कर्मचारी सहित लैङ्गिक सम्पर्क व्यक्ति तोकिएको छ। वेवसाइट र कार्यालयमा देखिनेगरी लैङ्गिक सम्पर्क व्यक्तिको जानकारी राखिएको छ। | दोहोरो जिम्मेवारी दिई लैङ्गिक सम्पर्क व्यक्ति तोकिएको छ। वेवसाईट र सार्वजनिक जानकारीमा राखिएको छैन। | लैङ्गिक सम्पर्क व्यक्ति तोकिएको छैन | १. लैङ्गिक सम्पर्क व्यक्ति तोकेको पत्र<br>२. लैङ्गिक सम्पर्क व्यक्तिको प्रतिवेदन | |
| | २.५ मन्त्रालय/कार्यालयका विभिन्न विषयगत समिति, उपसमिति र कार्यदलमा महिला तथा अन्य वन्चितिमा परेका वर्गहरुको प्रतिनिधित्व रहेको/नरहेको नेतृत्व तहमा जिम्मवारी दिएको /नदिएको। | मन्त्रालय/कार्यालयका विभिन्न विषयगत समिति, उपसमिति र कार्यदलमा महिला तथा अन्य वन्चितिमा परेका वर्गहरुको ३५ प्रतिशत भन्दा बढी प्रतिनिधित्व रहेको । | मन्त्रालय/कार्यालयका विभिन्न विषयगत समिति, उपसमिति र कार्यदलमा महिला तथा अन्य वन्चितिमा परेका वर्गहरुको प्रतिनिधित्व गर्नका लागि २५ प्रतिशत देखि ३५ प्रतिशत सम्म प्रतिनिधित्व रहेको । | मन्त्रालय/कार्यालयका विभिन्न विषयगत समिति, उपसमिति र कार्यदलमा महिला तथा अन्य वन्चितिमा परेका वर्गहरुको २५ प्रतिशत भन्दा कम प्रतिनिधित्व रहेको । | १. समितिको संरचना र नाम सहितको विवरण<br>२. अवधिभित्र गठन भएका कार्यदलका सूची | |

| मुख्य विषय | सूचक | २ अंक आउने अवस्था | १ अंक आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणीकरणको आधार | प्रासाङ्क |
|---|---|---|---|---|---|---|
| | २.६ नागरिक सहायता तथा सोधपुछ कक्षको व्यवस्था भए/ नभएको। | नागरिक सहायता तथा सोधपुछ कक्षको व्यवस्था भएको। | नागरिक सहायता तथा सोधपुछ कक्षको स्थापना गर्ने निर्णय मात्र भएको । | नागरिक सहायता तथा सोधपुछ कक्षको व्यवस्था नभएको। | १.नागरिक सहायता तथा सोधपुछ कक्ष स्थापना सम्बन्धि निर्णय<br>२. व्यवस्थित नागरिक सहायता तथा सोधपुछ कक्ष | |
| | २.७ महिला, पुरुष, अपाङ्गता भएका व्यक्तिहरुको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था भए/नभएको। | छुट्टाछुट्टै शौचालयको व्यवस्था भएको । | महिला र पुरुषको लागि मात्र शौचालयको व्यवस्था भएको। | छुट्टाछुट्टै शौचालयको व्यवस्था नभएको। | शौचालय अवलोकन। | |
| | २.८ शौचालयमा पानी, साबुन, सेनेटरी प्याड, भेण्डिङ्ग मेसिन, डस्टविन लगायतका सामाग्रीको व्यवस्था भए/नभएको । | शौचालयमा पानी, साबुन, सेनेटरी प्याड भेण्डिङ्ग मेसिन लगायतका सामाग्रीको व्यवस्था भएको । | शौचालयमा पानी, साबुनको, व्यवस्था भएको तर भेण्डिङ्ग मेसिन नभएको । | शौचालयमा पानी, साबुन, सेनेटरी प्याड भेण्डिङ्ग मेसिन लगायतका सामाग्रीको व्यवस्था नभएको | स्थलगत अवलोकन | |
| | २.९ स्तनपान कक्ष/ शिशु स्याहार कक्ष र सोसँग सम्बद्ध भौतिक पूर्वाधारको व्यवस्था भए/नभएको। | स्तनपान कक्ष/ शिशु स्याहार कक्ष र भौतिक पूर्वाधार व्यवस्था भएको। | स्तनपान कक्ष/शिशु स्याहार कक्षको व्यवस्था गर्ने कार्यक्रम/बजेट राखिएको तर कार्यान्वयन भइनसकेको। | स्तनपान कक्ष/शिशु स्याहार कक्षको व्यवस्था नभएको। | १. बजेट तथा कार्यक्रम<br>१. स्तनपान कक्ष/शिशु स्याहार कक्षको अवलोकन/तस्विर | |
| | २.१० नियमित कर्मचारी बैठक/उच्च नेतृत्व बैठकमा लैङ्गिक समानताका विषयमा छलफल हुने गरे/ नगरेको। | नियमित कर्मचारी बैठक/उच्च नेतृत्व बैठकमा लैङ्गिक समानताका विषयमा छलफल हुने गरेको तर निर्णय कार्यान्वयन समेत कार्यान्वयन हुने गरेको। | नियमित कर्मचारी बैठक/उच्च नेतृत्व बैठकमा लैङ्गिक समानताका विषयमा छलफल हुने गरेको तर निर्णय कार्यान्वयन नभएको। | नियमित कर्मचारी बैठक/उच्च नेतृत्व बैठकमा लैङ्गिक समानताका विषयमा छलफल हुने नगरेको। | १. बैठक पुस्तिका र एजेण्डा<br>२. निर्णयहरू<br>३. निर्णय कार्यान्वयनको अवस्था विश्लेषण | |

| मुख्य विषय | सूचक | २ अंक आउने अवस्था | १ अंक आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणीकरणको आधार | प्रासाङ्क |
|---|---|---|---|---|---|---|
| **३. मानव संसाधन तथा क्षमता विकास** | ३.१ लैङ्गिक समानता तथा मूलप्रवाहीकरण सम्बन्धमा मन्त्रालय/निकायका कर्मचारीहरुले अभिमूखीकरण तालिम प्राप्त गरेको/नगरेको । | लैङ्गिक समानता तथा मूलप्रवाहीकरण सम्बन्धमा मन्त्रालय/निकायका ५० प्रतिशत भन्दा बढी कर्मचारीहरुले अभिमूखीकरण तालिम प्राप्त गरेको। | लैङ्गिक समानता तथा मूलप्रवाहीकरण सम्बन्धमा मन्त्रालय/निकायका ५० प्रतिशत भन्दा कम कर्मचारीले मात्र अभिमूखीकरण तालिम प्राप्त गरेको/नगरेको। | लैङ्गिक समानता तथा मूलप्रवाहीकरण सम्बन्धमा मन्त्रालय/निकायका कर्मचारीहरुले अभिमूखीकरण तालिम प्राप्त नगरेको। | ४. वार्षिक बजेट तथा कार्यक्रम<br>५. तालिमका सहभागीहरुको सूची<br>६. तालिम प्रतिवेदन<br>७. पुष्टी गर्ने अन्य प्रमाण | |
| | ३.२ सार्वजनिक निकायमा प्रमुख/महाशाखा प्रमुख/शाखा प्रमुख पदमा महिलाको नेतृत्व रहे/नरहेको। | प्रमुख/महाशाखा प्रमुख/शाखा प्रमुख पदमा महिला नेतृत्वको संख्या ५० प्रतिशत भन्दा बढी रहेको। | प्रमुख/महाशाखा प्रमुख/शाखा प्रमुख पदमा महिला नेतृत्वको संख्या ३३-५० प्रतिशत रहेको। | प्रमुख/महाशाखा प्रमुख/शाखा प्रमुख पदमा महिला नेतृत्वको संख्या ३३ प्रतिशत भन्दा कम रहेको। | १. कुल कर्मचारी विवरण<br>२. प्रमुख/महाशाखा प्रमुख/शाखा प्रमुख पदमा महिला नेतृत्व संख्या विश्लेषण | |
| | ३.३ विपद् प्रतिकार्य योजनामा लैङ्गिक सम्बन्धी मापदण्ड, रणनीति, कार्यनीति सहितको कार्यविधि निर्माण/प्रयोग गरेको र यस्ता दस्ताबेजहरुमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यक लक्षित गरी विशेष राहत र अलग अलग संरक्षणको प्रावधान रहे/नरहेको। | विपद लैङ्गिक सम्वन्धी मापदण्ड, रणनीति, कार्यनीति सहितको कार्यविधि निर्माण गरेको र यस्ता दस्ताबेजहरुमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यक लक्षित गरी विशेष राहत र अलग अलग संरक्षणको प्रावधान रहेको । | विपद लैङ्गिक सम्वन्धी मापदण्ड, रणनीति, कार्यनीति सहितको कार्यविधि निर्माण गरेको र यस्ता दस्ताबेजहरुमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यक लक्षित गरी विशेष राहत र अलग अलग संरक्षणको प्रावधान नरहेको। | विपद लैङ्गिक सम्वन्धी मापदण्ड, रणनीति, कार्यनीति सहितको कार्यविधि निर्माण नगरेको । | १.विपद लैङ्गिक संबोधनको प्रावधान सहितको मापदण्ड, रणनीति, कार्यनीति सहितको कार्यविधि | |
| | ३.४ लैंङ्गिक सम्पर्क व्यक्ति, महिला तथा बञ्चितिकरणमा परेका समुदायबाट प्रतिनिधित्व गरेका पदाधिकारीको क्षमता विकासका | लैंङ्गिक सम्पर्क व्यक्ति, महिला तथा बञ्चितिकरणमा परेका समुदायबाट प्रतिनिधित्व गरेका पदाधिकारीको क्षमता विकासका | लैंङ्गिक सम्पर्क व्यक्ति, महिला तथा बञ्चितिकरणमा परेका समुदायबाट प्रतिनिधित्व गरेका पदाधिकारीको क्षमता विकासका लागि वार्षिक | लैंङ्गिक सम्पर्क व्यक्ति, महिला तथा बञ्चितिकरणमा परेका समुदायबाट प्रतिनिधित्व गरेका पदाधिकारीको क्षमता विकासका | १. वार्षिक बजेट तथा कार्यक्रम<br>२. सिकाईहरु संकलन तथा अभिलेखिकरण | |

| मुख्य विषय | सूचक | २ अंक आउने अवस्था | १ अंक आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणीकरणको आधार | प्रासाङ्क |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम आयोजना गर्ने गरिएको छ,/छैन। | कार्यक्रम गर्ने गरिएको छ। | कार्यक्रम रहेको तर कार्यान्वयन नभएको। | लागि कार्यक्रम आयोजना गर्ने गरिएको छैन। | ३. प्रगति प्रतिवेदन। | |
| | ३.५. सार्वजनिक निकायमा सेवा करारबाट पदपुर्ति हुने पद तथा परामर्शदाता नियुक्ति गर्दा लैङ्गिक समानता कायम गर्ने गरी महिलालाई प्राथमिकता दिइएको छ/छैन। | सेवा करारबाट पदपुर्ती हुने पद वा परामर्शदाता नियुक्ती गर्दा लैङ्गिक समानता कायम गर्ने गरी महिलालाई मात्रले आवेदन दिन पाउने व्यवस्था गरिएको छ। | सेवा करारबाट पदपुर्ती हुने पद वा परामर्शदाता नियुक्ती गर्दा लैङ्गिक समानता कायम गर्ने गरी महिलालाई आवेदन गर्न प्रोत्साहन गरिएको छ। | सेवा करारबाट पदपुर्ती हुने पद वा परामर्शदाता नियुक्ती गर्दा लैङ्गिक समानता कायम गर्ने गरी महिलालाई प्राथमिकता दिइएको छैन। | १. विज्ञापन सूचना<br>२. पदपुर्ती अवस्था | |
| | ३.६. सार्वजनिक निकायबाट प्रदान गरिने लामो तथा छोटो अवधिको तालिम/प्रशिक्षण पाठ्यक्रम/ कार्यक्रममा लैङ्गिक समानता, लैङ्गिक हिंसा निवारण र कार्यस्थलमा हुने दुर्व्यवहार निवारण सम्बन्धी विषय समावेश गर्ने गरे/नगरेको । | तालिम/प्रशिक्षण पाठ्यक्रम/ कार्यक्रममा लैङ्गिक समानता, लैङ्गिक हिंसा निवारण र कार्यस्थलमा हुने दुर्व्यवहार निवारण सम्बन्धि विषय प्राथमिकतामा राखी सवै समावेश गर्ने गरेको। | तालिम/प्रशिक्षण पाठ्यक्रम/ कार्यक्रममा लैङ्गिक समानता, लैङ्गिक हिंसा निवारण र कार्यस्थलमा हुने दुर्व्यवहार निवारण सम्बन्धि विषय मध्ये कुनै एक समावेश गर्ने गर्ने गरेको। | तालिम/प्रशिक्षण पाठ्यक्रम/ कार्यक्रममा लैङ्गिक समानता, लैङ्गिक हिंसा निवारण र कार्यस्थलमा हुने दुर्व्यवहार निवारण सम्बन्धि विषय समावेश नगरेको। | १. तालिम/प्रशिक्षण कार्यतालिका/पाठ्यक्रम<br>२. अन्य पुष्टी गर्ने दस्तावेज | |
| | ३.७ निकायहरुबाट सञ्चालन गरिने कार्यक्रम/योजनाहरुले लैङ्गिक समानताको कुन कुन क्षेत्रमा योगदान गरेका छन् (स्रोत साधन, क्षमता विकास र निर्णय निर्माणमा सहभागिता) । | स्रोत साधनमा पहुँच,<br>क्षमता विकास र<br>निर्णय निर्माणमा सहभागिता। | स्रोत साधनमा पहुँच<br>क्षमता विकास पहुँच | नतिजा तथा उपलब्धी विश्लेषण हुन नसकेको,<br>लैङ्गिक समानताको लागि कुनै योगदान दिन नसकेको। | १.वार्षिक कार्यक्रम तथा योजनाको नतिजा तथा उपलब्धी विश्लेषण | |
| | ३.८ सार्वजनिक निकायहरुबाट सञ्चलित क्षमता विकासका कार्यक्रमका लागि प्रशिक्षक रोष्टरमा लैङ्गिक सवाल विज्ञ र महिला स्रोतव्यक्ति समावेश गरी प्रशिक्षण | प्रशिक्षक रोष्टरमा लैङ्गिक सवाल विज्ञ र महिला स्रोतव्यक्ति समावेश गरी प्रशिक्षण दिने गरिएको छ। बार्षिक सञ्चालन भएका कार्यक्रममा ३० प्रतिशत | स्रोत व्यक्तीहरुको रोष्टर तयार गरिएको भएता पनि लैङ्गिक विज्ञ तथा प्रशिक्षक समावेश गरिएको छैन। बार्षिक सञ्चालन भएका कार्यक्रममा २०-३० प्रतिशत महिला प्रशिक्षक | स्रोतव्यक्तिहरुको रोष्टर तयार गरिएको छैन। प्रशिक्षक छनौट गर्दा महिला प्रशिक्षकलाई प्राथमिकता दिइएको छैन। बार्षिक सञ्चालन भएका | १. प्रशिक्षक रोष्टर<br>२. प्रशिक्षकहरुको लैङ्गिक विश्लेषण<br>३. वार्षिक तालिम कार्यक्रमका प्रशिक्षकको | |

| मुख्य विषय | सूचक | २ अंक आउने अवस्था | १ अंक आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणीकरणको आधार | प्रासाङ्क |
|---|---|---|---|---|---|---|
| | दिने गरिएको छ/छैन । | भन्दा बढी महिला प्रशिक्षक प्रयोग गरिएको छ। | प्रयोग गरिएको छ। | कार्यक्रममा २० प्रतिशत भन्दा कम महिला प्रशिक्षक प्रयोग गरिएको छ। | लेङ्गिक विश्लेषण | |
| **४. सुशासन तथा उत्तरदायित्व** | ४.१ सार्वजनिक निकायको कार्यप्रकृति अनुसारको छुट्टै यौनजन्य दुर्व्यवहार नियन्त्रण सम्बन्धी आचारसंहिता निर्माण गरे/ नगरेको। | कार्यप्रकृति अनुसारको छुटै यौनजन्य दुर्व्यवहार नियन्त्रण सम्बन्धी आचार संहिता निर्माण गरी देखिने स्थानमा टाँस तथा कार्यान्वयन गरेको। | कार्यप्रकृति अनुसारको छुटै यौनजन्य दुर्व्यवहार नियन्त्रण सम्बन्धी आचार संहिता निर्माण नगरेको तर नेपाल सरकारले निर्माण गरेको आचारसंहिता प्रयोग/टाँस गरेको। | कार्यप्रकृति अनुसारको छुटै यौनजन्य दुर्व्यवहार नियन्त्रण सम्बन्धी आचार संहिता निर्माण नगरेको । | १. आचार संहिता<br>२. आचार संहिता टाँस गरिएको तस्विर<br>३. आचारसंहिता कार्यान्वयनको निर्णय | |
| | ४.२ कुनै कर्मचारी माथि कार्यालय समयमा वा कार्यालय समयपछि हुन सक्ने यौन दुर्व्यवहार निवारण गर्न गुनासो सुन्ने प्रणालीको व्यवस्था छ/ छैन । | गुनासो सुन्ने अधिकारी तोकी, सार्वजनिक जानकारीको लगि लागि टाँस गरिएको, गुनासोपेटिका समेत राखिएको। | गुनासो सुन्ने अधिकारी तोकीएको छ। तर सार्वजनिक रूपमा देखिने गरी जानकारी टाँस गरिएको छैन। | गुनासो सुन्ने अधिकारी तोकिएको / जानकारी गराईएको छैन। | १. आचार संहिता टाँस गरिएको सुचना पाटी/होडिङ वोर्ड<br>२. गुनासो सुन्ने अधिकारी तोकिएको जानकारी | |
| | ४.३ कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार सम्बन्धी गुनासोको तत्काल सम्बोधन हुने गरे / नगरेको। | लैंगिक हिंसा सम्बन्धी गुनासोको २४ घण्टाभित्र सम्बोधन हुने गरेको । | लैंगिक हिंसा सम्बन्धि गुनासोको प्राप्त भएको २४ देखी ४८ घण्टाभित्र सम्बोधन हुने गरेको । | लैंगिक हिंसा सम्बन्धि गुनासोको तत्काल सम्बोधन हुने नगरेको । | १. गुनासो दर्ता तथा सम्बोधन भएका गुनासोको सुची<br>२. फरछ्र्योट निर्णय भएको मिति र समय | |

| मुख्य विषय | सूचक | २ अंक आउने अवस्था | १ अंक आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणीकरणको आधार | प्रासाङ्क |
|---|---|---|---|---|---|---|
| | ४.४. सार्वजनिक निकायबाट सम्प्रेषण/प्रकाशन हुने समाचार वा जानकारीमुलक सामग्रीमा लैङ्गिक समानता, लैङ्गिक हिंसाको अन्त्य र कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण सम्बन्धी विषयबस्तु समावेश गरिएको छ/छैन। | सम्प्रेषण/प्रकाशन हुने समाचार वा जानकारीमुलक सामग्रीमा लैङ्गिक समानता, लैङ्गिक हिंसाको अन्त्य र कार्यस्थलमा हुने यौन दुर्व्यवहार निवारण सम्बन्धी विषयबस्तु वेवसाईट र अन्य सञ्चार माध्यमबाट प्रकाशन प्रशारण गरिएको छ। | सम्प्रेषण/प्रकाशन हुने समाचार वा जानकारीमुलक सामग्रीमा लैङ्गिक समानता, लैङ्गिक हिंसाको अन्त्य र कार्यस्थलमा हुने यौन दुर्व्यवहार निवारण सम्बन्धी विषयबस्तु वेवसाईट मा मात्र राखिएको छ। | सम्प्रेषण/प्रकाशन हुने समाचार वा जानकारीमुलक सामग्रीमा लैङ्गिक समानता, लैङ्गिक हिंसाको अन्त्य र कार्यस्थलमा हुने यौन दुर्व्यवहार निवारण सम्बन्धी विषयबस्तु समावेश गरिएको छैन। | १. प्रकाशन तथा प्रशारण सामग्री<br>२. प्रकाशन प्रशारण भएका सामग्रीको विषयबस्तु<br>३. वेवसाइट | |
| | ४.५ अनुगमन तथा मूल्यांकन समितिमा महिला कर्मचारी र पदाधिकारीको सहभागिता सुनिश्चित गरिएको / नगरिएको। | अनुगमन तथा मूल्यांकन समितिमा महिला कर्मचारी र पदाधिकारीको ३३% सहभागिता सुनिश्चित गरिएको । | अनुगमन तथा मूल्यांकन समितिमा कम्तिमा २५% कर्मचारी र पदाधिकारीको सहभागिता भएको। | अनुगमन तथा मूल्यांकन समितिमा महिला कर्मचारी र पदाधिकारीको २५ % भन्दा कम सहभागिता भएको । | १. अनुगमन संयन्त्रको लैङ्गिक विश्लेषण<br>२. अनुगमन कार्यक्रमहरूमा महिला कर्मचारी पदाधिकारीको उपस्थिति | |
| | ४.६ कार्यक्रमको प्रभावकारिताको लागि नागरिक अनुगमन (Civic Oversight) र तेस्रो पक्ष (Third Party Monitoring) अनुगमन पद्धतिको विकास भएको/ नभएको। | कार्यक्रमको प्रभावकारिताको लागि नागरिक अनुगमन (Civic Oversight) र तेस्रो पक्ष (Third Party Monitoring) अनुगमन पद्धतिको विकास भएको। | कार्यक्रमको प्रभावकारिताको लागि नागरिक अनुगमन (Civic Oversight) गर्ने कार्यक्रम रहेको तर तेस्रो पक्षीय (Third Party Monitoring) अनुगमन पद्धतिको विकास नभएको। | कार्यक्रमको प्रभावकारिताको लागि नागरिक अनुगमन (Civic Oversight) र तेस्रो पक्षीय (Third Party Monitoring) अनुगमन पद्धतिको विकास नभएको। | १. कार्यक्रमको प्रतिवेदन<br>२. परामर्शदाता नियुक्ति गरिएको नियुक्ति पत्र | |
| | ४.७ अनुगमन तथा मूल्यांकनबाट दिएका सुझाब तथा सिफारिसहरु कार्यक्रम तयार गर्दा समावेश गरे / नगरेको। | अनुगमन तथा मूल्यांकनबाट दिएका सुझाव तथा सिफारिसहरु कार्यक्रम तयार गर्दा समावेश गरेको। | अनुगमन तथा मूल्यांकनबाट दिएका सुझाव तथा सिफारिसहरु कार्यक्रम तयार गर्दा आंशिक रुपमा समावेश गरेको। | अनुगमन तथा मूल्यांकनबाट दिएका सुझाव तथा सिफारिसहरु कार्यक्रम तयार गर्दा समावेश नगरेको । | १. अनुगमन मूल्याङ्कन प्रतिवेदन<br>२. वार्षिक बजेट तथा कार्यक्रम | |

| मुख्य विषय | सूचक | २ अंक आउने अवस्था | १ अंक आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणीकरणको आधार | प्रासाङ्क |
|---|---|---|---|---|---|---|
| | ४.८. मर्यादित कार्यवातावरणका लागि कार्यालय परिसर लगायत आवश्यक स्थानहरुमा सि.सि.टि.भि. क्यामेरा राखिएको छ/ छैन। | कार्यालय परिसर लगायत आवश्यक स्थानमा सिसि क्यामरा जडान भएको । | कार्यालय परिसर (भवन बाहिरमात्र) सिसि क्यामरा जडान भएको । | सिसि क्यामरा जडान नभएको | १. सि.सि.टिभि. संख्या,<br>२. जडान भएको कक्ष | |
| | ४.९ नियमित सूचनाको हक सम्बन्धी स्वतःप्रकाशनमा लैङ्गिक विषयबस्तु समावेश गर्ने गरिएको छ/ छैन। | नियमित स्वतः प्रकाशन गरिनुका साथै लैङ्गिक सवाल र लैङ्गिक समता कायम गर्न गरिएका प्रयास उल्लेख गरिएको। | स्वतः प्रकाशन नियमित प्रकाशन भएको तर लैङ्गिक सवालहरू उल्लेख नगरिएको। | स्वत प्रकाशन गर्ने गरिएको छैन। | १. स्वतःप्रकाशन<br>२. स्वतप्रकाशनमा समावेश विषयबस्तु विश्लेषण<br>३. वेवसाइट | |
| | ४.१० नियमित सार्वजनिक सुनुवाईमा लैङ्गिक समानता कायम गर्न गरिएका प्रयास जानकारी गराइएको छ/छैन। | सार्वजनिक सुनुवाई आयोजना गरिएको र लैङ्गिक समता कायम गर्न गरिएका प्रयास एवम उठेका प्रश्नको जवाफ दिइएको। | सार्वजनिक सुनुवाई आयोजना गरिएको तर लैङ्गिक समता कायम गर्न गरिएका प्रयाशबारे उल्लेख नभएको । | नियमित सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिएको छैन। | १. सार्वजनिक सुनुवाई माइनुट<br>२. प्रतिवेदनका विषयबस्तु विश्लेषण<br>३. तस्विरहरू | |
| **५. सेवा प्रवाह** | ५.१ सेवा प्रवाहको मापदण्ड तयार गर्दा लैङ्गिक समानता कायम गर्ने प्रावधान राखिएको/नराखिएको। | सार्वजनिक सेवा प्रवाहको मापदण्डमा लैङ्गिक समानता कायम गर्ने प्रावधान राखी कार्यान्वयनमा ल्याएको। | सार्वजनिक सेवा प्रवाहको मापदण्डमा लैङ्गिक समानता कायम गर्ने प्रावधान राखिएको तर कार्यान्वयनमा नल्याएको। | सार्वजनिक सेवा प्रवाहको मापदण्ड तर्जुमा नगरेको/ लैङ्गिक समानता कायम गर्ने प्रावधान नराखिएको। | १. सार्वजनिक सेवा प्रवाहको मापदण्ड<br>२. कार्यान्वयन पुष्टिहुने कागजात, तस्विर | |
| | ५.२ कार्यालयले प्रवाह गर्ने सेवाका बारेमा नागरिक वडापत्रमा स्पष्टरुपमा उल्लेख गरेको/नगरेको। | नागरिक वडापत्रको स्पष्ट रुपमा बुझिने गरी सबैको पँहुचयोग्य स्थानमा राख्नुका साथै प्रविधिको प्रयोग गरी त्यसलाई लै.स.सा.स.मैत्री बनाईएको । | नागरिक वडापत्रको स्पष्ट रुपमा बुझिने गरी सबैको पँहुचयोग्य स्थानमा राखिएको तर प्रविधिको प्रयोग गरी त्यसलाई थप लैससास मैत्री बनाउने सम्बन्धमा कार्य नभएको। | नागरिक वडापत्रको स्पष्ट रुपमा बुझिने गरी सबैको पँहुचयोग्य स्थानमाा नराखिएको। | १. नागरिक वडापत्र<br>२. सूचना प्रविधिको प्रयोग भएको प्रमाण | |

| मुख्य विषय | सूचक | २ अंक आउने अवस्था | १ अंक आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणीकरणको आधार | प्रासाङ्क |
|---|---|---|---|---|---|---|
| | ५.३ कार्यालय भवन तथा अन्य संरचना बालबालिका, अपाङ्गमैत्री तथा लैंगिक संवेदनशील (यौनिक अल्पसंख्यक सहित) र ज्येष्ठ नागरिक मैत्री बनाए/नबनाएको। | कार्यालय भवन तथा अन्य संरचना बालबालिका, अपाङ्गमैत्री तथा लैंगिक संवेदनशील (यौनिक अल्पसंख्यक सहित) र ज्येष्ठ नागरिक मैत्री रहेको। | कार्यालय भवन तथा अन्य संरचना लैंगिक संवेदनशील (महिला पुरूष अलग शौचालय) मात्र रहेको। | कार्यालय भवन तथा अन्य संरचना बालबालिका, अपाङ्गमैत्री तथा लैंगिक संवेदनशील (यौनिक अल्पसंख्यक सहित) र ज्येष्ठ नागरिक मैत्री नभएको। | १.आचार सहिंता<br>२.पूर्वाधार निर्माण प्रतिवेदन<br>३.अवलोकन | |
| | ५.४. सेवा प्रवाहमा टोकन सिस्टम लागु गरे नगरेको, सेवा लिंदा महिला, गर्भवती महिला र अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकलाई प्राथमिकता दिने गरिएको /नगरिएको। | टोकन प्रणाली राखिएको, सेवा लिदा महिला, गर्भवती महिला र अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकलाई प्राथमिकता दिने गरिएको/संकेत राखिएको | टोकन प्रणाली नराखिएको, सेवा लिदा महिला, गर्भवती महिला र अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकलाई प्राथमिकता दिने गरिएको/संकेत राखिएको। | टोकन प्रणाली नराखिएको कुनै वर्गलाई प्राथमिकता दिने प्रावधान संकेत नराखिएको। | १. टोकन प्रणाली<br>२. महिला, गर्भवती महिला र अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकलाई प्राथमिकता दिइने संकेत<br>३. तस्विरहरू | |
| | ५.५ महिला तथा वञ्चितिकरणमा परेका वर्ग वा समुदायलाई लक्षित गरेर राखेको कार्यक्रम तथा बजेट सरोकारवालाले थाहा पाउनेगरी सार्वजनिक गरे/ नगरेको । | महिला तथा वञ्चितिकरणमा परेका वर्ग वा समुदायलाई लक्षित गरेर राखेको कार्यक्रम तथा बजेट सरोकारवालाले थाहा पाउनेगरी पत्रपत्रिका, एफ.एम., टेलिभिजन, सूचनापाटी लगायत वेबसाइटको माध्यमबाट सार्वजनिकीकरण गरेको। | महिला तथा वञ्चितिकरणमा परेका वर्ग वा समुदायलाई लक्षित गरेर राखेको कार्यक्रम तथा बजेट सरोकारवालाले थाहा पाउनेगरी कम्तिमा सूचनापाटी र वेबसाइटको माध्यमबाट सार्वजनिकीकरण गरेको। | महिला तथा वञ्चितिकरणमा परेका वर्ग वा समुदायलाई लक्षित गरेर राखेको कार्यक्रम तथा बजेट सरोकारवालाले थाहा पाउनेगरी कम्तिमा सूचनापाटी र वेबसाइटको माध्यमबाट सार्वजनिकीकरण गरेको। | ४. वार्षिक वजेट तथा कार्यक्रम<br>५. सार्वजनिक गरेको प्रमाण<br>६। सूचना पाटीमा राखेको तस्विर<br>७. कार्यक्रमको सम्पन्न प्रतिवेदन | |

| मुख्य विषय | सूचक | २ अंक आउने अवस्था | १ अंक आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणीकरणको आधार | प्रासाङ्ग |
|---|---|---|---|---|---|---|
| | ५.६ सेवाग्राही सन्तुष्टि सर्वेक्षणमा लैङ्गिक संवेदनशील रहे नरहेको प्रश्न समावेश गरी सर्वेक्षण गर्ने गरिएको/ नगरिएको। | सेवाग्राही सन्तुष्टि सर्वेक्षणमा लैङ्गिक संवेदनशील रहे नरहेको प्रश्न समावेश गरी सर्वेक्षण गरिएको। | सेवाग्राही सन्तुष्टि सर्वेक्षण गर्ने गरिएको तर उक्त सर्वेक्षणमा लैङ्गिक सम्बेदनशिलता विषय समावेश नभएको। | सेवाग्राही सन्तुष्टि सर्वेक्षण नगरिएको। | १. सेवाग्राही सन्तुष्टि सर्वेक्षण प्रश्नावली<br>२. सेवाग्राही सन्तुष्टि सर्वेक्षण प्रतिवेदन र नतिजा | |
| | ५.७. योजना तथा कार्यक्रमको प्रभाव मूल्याङ्कन गर्दा महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक उपर परेको प्रभाव छलफल गरी पृष्टपोषण लिने गरे/ नगरेको। | योजना तथा कार्यक्रमको प्रभाव मूल्याङ्कन गर्दा महिला तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई सहभागी गराई उनीहरुको पृष्ठपोषण लिने गरिएको। | योजना तथा कार्यक्रमको प्रभाव मूल्याङ्कन गर्दा महिला तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई सहभागी गराइएको तर उनीहरुको राय/पृष्ठपोषण नलिएको। | योजना तथा कार्यक्रमको प्रभाव मूल्याङ्कन गर्दा महिला तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई सहभागी नगराइएको। | | |

## सूचक संख्या र भार


| क्र.स. | विषयक्षेत्र | पूर्णाक १०० | सूचक संख्या | सूचकको भार प्रतिशतमा |
|---|---|---|---|---|
| १ | नीति, कानून योजना, | २० | १५ | ३० |
| २ | संस्थागत व्यवस्था, | २० | १० | २० |
| ३ | मानव संसाधन तथा क्षमता विकास, | २० | ८ | १६ |
| ४ | सुशासन तथा उत्तरदायित्व, | २० | १० | २० |
| ५ | सेवा प्रवाह, | २० | ७ | १४ |
| **जम्मा** | | **१००** | **५०** | **१००** |

MOWC

# अनुसुची-२

(दफा ८ को उपदफा (१) बुँदा (ख)को ४ सँग सम्बन्धित)

**<u>माकुरे जालो चित्र विश्लेषण र अङ्क भार नमूना</u>**




MOW

## अनुसुची-३(क)

(दफा ८ को उपदफा (१) को खण्ड ख को बुँदा नं. ५ सँग सम्बन्धित)

### सबल पक्ष र सुधार गर्नु पर्ने पक्ष अबसर र चुनौती विश्लेषण

| सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरू | अवसर | चुनौती |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

MOWCSC

## अनुसुची-३(ख)

(दफा ८ को उपदफा (१) को खण्ड ख को बुँदा नं. ५ सँग सम्बन्धित)

**(प्रतिवेदन लेखनका लागि)**

## लैङ्गिक परीक्षणबाट आएका प्रमुख प्राप्तिहरू

(Major Findings)

| मुख्य सूचक | प्रमुख उपल्ब्धिहरु |
|---|---|
| **१ नीति, कानून योजना** | |
| १.१ | |
| १.२ | |
| **२. संस्थागत व्यवस्था** | |
| २.२. | |
| २.३ | |
| **३ . मानव संसाधन तथा क्षमता विकास** | |
| ३.१ | |
| ३.२ | |
| | |
| **४. सुशासन तथा उत्तरदायित्व** | |
| ४.१ | |
| ४.२ | |
| **५ सेवा प्रवाह** | |
| ५.११ | |
| ५.२ | |

MOWCSC

## अनुसुची-४

(दफा ८ को उपदफा (१) को खण्ड ख को बुँदा नं. ६ सँग सम्बन्धित)

### लैङ्गिक समानता कार्ययोजना

| पूर्णाङ्क | प्राप्ताङ्क | अवस्थामा सुधारकालागि आवश्यक क्रियाकलाप | मुख्य जिम्मेवारी | | | समयावधी | थप आर्थिक दायित्व व्यहोर्न पर्ने | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | (अनुमानित कति रु. हजारमा) खर्च व्यहोर्ने श्रोत प्रष्ट खुलाउने ) | नपर्ने |
| १ नीति, कानून योजना | | | | | | | | |
| १ | | १.१ | | | | | | |
| | | १.२ | | | | | | |
| | | १.३ | | | | | | |
| २. संस्थागत व्यवस्था | | | | | | | | |
| २ | | २.१ | | | | | | |
| | | २.२ | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| ३.मानव संशाधन तथा क्षमता विकास | | | | | | | | |
| ३ | | ३.१ | | | | | | |
| | | ३.२ | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| ४ सुशासन तथा उत्तरदायित्व | | | | | | | | |
| ४ | | ४.१ | | | | | | |
| | | ४.२ | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| ५.सेवा प्रवाह | | | | | | | | |
| ५ | | ५.१ | | | | | | |
| | | ५.२ | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

MOWCSC

# अनुसुची-५

(दफा ८ को उपदफा (१) को खण्ड (ग) को बुँदा नं. १ सँग सम्बन्धित)

## प्रतिवेदन नमुना

१. पृष्ठभूमि
२. अध्ययनको महत्व
३. लैङ्गिक समानता सामाजिक समावेशीकरण परीक्षणको उद्देश्यहरु
४. अध्ययनका क्षेत्रहरु
५. अध्ययनको तरीका र विधि
६. सहभागिहरु
७. विश्लेषणका औजारहरु
८. परीक्षणबाट आएका मुख्य प्राप्तिहरु
९. लैससास बजेट परिक्षण विधिवाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था
९.१ परीक्षण पश्चात सूचकहरुले प्राप्त गरेका अंक
९.२ मााकुरे जालो
१०. सबल पक्ष र सूधार गर्नपर्ने पक्षहरु
११. लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना
१२. निष्कर्ष
१३. सुझाव

अनुसूचीहरु

क) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका सुचक
ख) लैंगिक परक्षिण कार्यक्रमका केही झलकहरु
ग) सहभागी नामावली

MOWCSC